- **पुरस्कार वितरण तथा प्रशंसा पत्र वितरण कार्यक्रम सम्पन्न**

(२०८१ माघ ०६ गते):

यस तालिम केन्द्रको समादेशकज्यूबाट हुने महिनाको पहिलो निरीक्षणमा व्यक्तिगत सरसफाई तथा पोशाक तर्फ उत्कृष्ट हुने प्रथम, द्धितिय र तृतीयलाई पुरस्कार तथा ५८ औं वार्षिकोत्सवको अवसरमा आयोजित १२ कि.मि. लामो दौडमा सहभागी हुने प्रहरी कर्मचारीहरूलाई आज मिति २०८१ माघ ०६ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूले प्रशंसा पत्र वितरण गरी बधाई समेत दिनु भयो।

उक्त कार्यक्रममा पुरस्कृत हुने र प्रशंसा पत्र प्राप्त गर्ने प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथीज्यूले शुभ-कामना एंव बधाई दिदै आफुले पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो।

- **प्यानल छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न:**

(२०८१ माघ १४ गते):

मिति २०८१ पुस २२ गतेबाट यस केन्द्रमा संचालन भएको १८ कार्य दिन अवधिको महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान (जु.प्र.अ.) ११ औं समूहको आज मिति २०८१ माघ १४ गते सामाजिक विकाश मन्त्रालय, मोरङका सहायक सचिव दुर्गा बरालज्यू, यस केन्द्रका निमित्त समादेशक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यूको समुपस्थित, अधिवक्ता मनोज कुमार आचार्यज्यू, माईति नेपाल विराटनगरका,मोनोपरामर्सकर्ता गिताञ्जली शर्मा ज्ञवालीज्यूसँग प्रशिक्षार्थीहरुद्वारा "महिला हिंसा तथा बालबालिका सम्बन्धी अपराध नियन्त्रण, न्यूनीकरण, अनुसन्धान तथा पिडितहरुको पुनर्स्थापनामा सरोकारवालाहरुको भुमिका लगायतका विषयवस्तुहरुमा प्यानल छलफल तथा अन्तरक्रिया कार्यक्रम आज मिति २०८१ माघ १४ गते सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक तथा तालिम संयोजक आशिस पोखरेल, सह-संयोजक प्र.स.नि. अनिल परियार , प्रशिक्षक वर्गहरू, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।

- **महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान (जु.प्र.अ.) ११ औं समूहको समापन कार्यक्रम सम्पन्न**

(२०८१ माघ १४ गते):

मिति २०८१ पुस २२ गतेबाट यस केन्द्रमा संचालन भएको १८ कार्य दिन अवधिको महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान (जु.प्र.अ.) ११ औं समूहको आज मिति २०८१ माघ १४ गते यस केन्द्रका निमित्त समादेशक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम सु-सम्पन्न भयो।

उक्त कार्यक्रममा दीक्षित भई जाने प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथीज्यू द्वारा शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक तथा तालिम संयोजक आशिस पोखरेल, जुनियर प्रहरी अधिकृतहरू, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।

- **सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम ५२ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**

(२०८१ माघ १४ गते):

मिति २०८१ पुस ११ गतेबाट यस तालिम केन्द्रमा संचालित २६ कार्यदिन अवधिको सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम ५२ औं समूहको आज मिति २०८१ माघ १४ गते यस केन्द्रका निमित्त समादेशक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो।

साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा तालिम संयोजक प्रहरी निरीक्षक आशिस पोखरेल, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।

- **प्यानल छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न:**

(२०८१ माघ १८ गते):

मिति २०८१ पुस २४ गतेबाट यस केन्द्रमा संचालन भएको १८ कार्य दिन अवधिको भीड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) तालिम ९९ औं समूहको आज मिति २०८१ माघ १८ गते जिल्ला प्रशासन कार्यालय मोरङका सहायक प्रमुख जिल्ला अधिकारी विनोद कुमार पोखरेलज्यू, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी उपरीक्षक दिपक पोखरेलज्यू, यस केन्द्रका निमित्त समादेशक प्रहरी निरीक्षक गुरू प्रसाद निम्सिनाज्यू समेतको उपस्थितिमा प्रशिक्षार्थीहरुसंग "भीड नियन्त्रण कार्यमा उत्पन्न हुने समस्याहरु र समाधानमा सरोकारवाला निकायहरुको भुमिका" विषयमा प्यानल छलफल तथा अन्तरक्रिया कार्यक्रम आज मिति २०८१ माघ १८ गते सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक तथा तालिम संयोजक मिलन थापा, सह-संयोजक प्र.स.नि.चुडाराज रेग्मी , प्रशिक्षक वर्गहरू, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।

- **भीड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) तालिम ९९ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**

(२०८१ माघ १८ गते):

मिति २०८१ पुस २४ गतेबाट यस तालिम केन्द्रमा संचालित १८ कार्यदिन अवधिको भीड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) ९९ औं समूहको आज मिति २०८१ माघ १८ गते यस केन्द्रका निमित्त समादेशक प्रहरी निरीक्षक गुरू प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो। साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा तालिम संयोजक प्रहरी निरीक्षक मिलन थापा, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।

- **कम्प्यूटर हस्तान्तरण कार्यक्रम सम्पन्न**

(२०८१ माघ २५ गते):

आज मिति २०८१ माघ २५ गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा यस केन्द्रका समादेशक श्रद्धेय श्रीमान प्र.व.उ. अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यतामा, समाजसेवी रोहित निरौलाज्यू, ICFC फाईनान्स लिमिटेड संस्था बाट पाल्नुभएका विर्तामोड शाखा प्रबन्धक प्रजित थापाज्यू, कर्जा विभाग अधिकृत रुपेश भट्टराईज्यू, सञ्चारकर्मी अमर काफ्लेज्यू समेतको उपस्थितीमा ICFC फाईनान्स लिमिटेडको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत "कम्प्यूटर हस्तान्तरण कार्यक्रम" सम्पन्न भयो। उक्त सहयोग कार्यक्रम मार्फत यस केन्द्रलाई ४- थान कम्प्यूटर सहयोग स्वरुप प्राप्त भयो।

सो कार्यक्रममा यस केन्द्रका प्रहरी निरिक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरिक्षक मिलन थापाज्यू, जुनियर प्रहरी अधिकृत लगायत अन्य प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो।

- **प्रहरी जवान आधारभूत तालिम ४-१४१ औं समूहको उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८१ माघ २७ गते):

मिति २०८१ माघ २७ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २३४ कार्यदिन अवधिको प्रहरी जवान आधारभूत तालिम ४-१४१ औं समूहको यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।

उक्त कार्यक्रममा तालिम संयोजक प्रहरी निरीक्षक गुरू प्रसाद तिम्सिनाज्यू,प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू,प्रहरी निरीक्षक मिलन थापाज्यू, प्रहरी निरीक्षक आशिस पोखरेलज्यू, प्रहरी निरीक्षक प्रभात लक्सम लिम्बुज्यू , जुनियर प्रहरी अधिकृत,प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थी समेतको उपस्थिति रहेको थियो

- **नवनिर्मित ड्रिल नर्सरी, रनिङ ट्र्याक, संगित अभ्यास भवन र Electronic Shooting Target समुद्घाटन कार्यक्रम सम्पन्न:**

(२०८१ माघ २७ गते):

यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरको परिसर भित्र नवनिर्मित ड्रिल नर्सरी, रनिङ ट्र्याक, संगित अभ्यास भवन र Electronic Shooting Target संरचनाहरुको कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख श्रद्धेय श्रीमान् प्रहरी नायव महानिरीक्षक राजन अधिकारीज्यूले यस केन्द्रमा आयोजित विशेष समारोहको बीच समुद्घाटन गर्नु भयो।

समुद्घाटन कार्यक्रममा प्रमुख अतिथिज्यूबाट नवनिर्मित ड्रिल नर्सरी, रनिङ ट्र्याक, संगित अभ्यास भवन र Electronic Shooting Target अभ्यास सम्बन्धि नमूना प्रदर्शनी (Demonstration) समेत अवलोकन गर्नु भएको थियो।

कार्यक्रममा प्रमुख अतिथिज्यूबाट नेपाल प्रहरीले प्रदान गर्ने बिबिध प्रशिक्षण गतिविधिहरुलाई समयानुकुल गुणस्तरीय तथा वैज्ञानिक बनाउँदै लैजानको लागि यस्ता संरचनाहरुले सहयोग पुर्याउने कुरा व्यक्त गर्नु भयो ।

उक्त कार्यक्रममा यस केन्द्रका समादेशक प्र.व.उ. अबि नारायण काफ्लेज्यू,कोशी प्रदेश प्रहरी कार्यालका प्र.व.उ. गोविन्द अधिकारीज्यू, सिनियर प्रहरी अधिकृतज्यूहरू, जुनियर प्रहरी अधिकृतहरू,प्रशिक्षक लगायत प्रशिक्षार्थीहरू समेतको उपस्थिति रहेको थियो ।

- **कम्प्यूटर हस्तान्तरण कार्यक्रम सम्पन्न**

(२०८१ माघ २९ गते):

आज मिति २०८१ माघ २९ गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा यस केन्द्रका समादेशक श्रद्धेय श्रीमान प्र.व.उ. अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यतामा, हेरम्भ मेडिसिन Distributer , इनरूवाका प्रोपाईटर भैरव मालुज्यू, तेज समान्यता मेडिसिन सप्लायर्स, विराटनगरका प्रोपाईटर बजरंग कुमार मालुज्यू, मेडिकल महाविर, विराटनगरका प्रोपाईटर मुकेश अग्रवालज्यू द्वारा यस केन्द्रको प्रशिक्षण कार्यलाई ब्यवस्थित र आधुनिक बनाउन सहयोग स्वरुप कम्प्युटर उपकरणहरु उपलब्ध गराई "कम्प्यूटर हस्तान्तरण कार्यक्रम" सम्पन्न भयो । उक्त सहयोग कार्यक्रममा यस केन्द्रलाई ३- थान कम्प्युटर सहयोग स्वरुप प्राप्त भयो ।

सो कार्यक्रममा यस केन्द्रका प्रहरी निरिक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरिक्षक ऋषि राज ढकालज्यू, जुनियर प्रहरी अधिकृत लगायत अन्य प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो ।

- **अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०३ औं समूहको उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८१ माघ २९ गते):

मिति २०८१ माघ २९ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २६ कार्यदिन अवधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०३ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक प्रभात लक्सम लिम्बुज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।

- **समुदाय- प्रहरी साझेदारी (प्र.ज. देखि जु.प्र.अ) अनुशिक्षण तालिम छैठौं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न:**

(२०८१ माघ ३० गते):

मिति २०८१ माघ २१ गतेबाट यस तालिम केन्द्रमा संचालित ९ कार्यदिन अवधिको समुदाय- प्रहरी साझेदारी (प्र.ज. देखि जु.प्र.अ) अनुशिक्षण तालिम छैठौं समूहको आज मिति २०८१ माघ ३० गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो । साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो ।

उक्त कार्यक्रममा तालिम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।